आज मिति २०८२ फल्गुन २५ गते सोमवारका दिन नीलकण्ठ नगर-कार्यपालिकाको वैठक नगर प्रमुख श्री भीमप्रसाद ढुंगानाज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्तावहरुमा छलफल तथा निर्णय गरियो।

<u>उपस्थिति</u>

१ नगर प्रमुख श्री भीमप्रसाद ढुंगाना

२. नगर उप-प्रमुख श्री दिपक विश्वकर्मा

३. प्रमुख प्रशासकीय अधिकृत श्री हरिदत्त कंडेल (सचिव)

४. वडा अध्यक्ष श्री गणेश वहादुर गुरुङ

५. वडा अध्यक्ष श्री ध्वज वहादुर गुरुङ

६. वडा अध्यक्ष श्री राजकुमार श्रेष्ठ

७. वडा अध्यक्ष श्री हरि वहादुर श्रेष्ठ

८. वडा अध्यक्ष श्री राम वहादुर श्रेष्ठ

९. वडा अध्यक्ष श्री भुपेन्द्र कुमार श्रेष्ठ

१०. वडा अध्यक्ष श्री गौतमहरि अधिकारी

११. वडा अध्यक्ष श्री प्रकाशकुमार श्रेष्ठ

१२. वडा अध्यक्ष श्री राजन वराइली

१३. वडा अध्यक्ष श्री सरोज पाण्डे

१४. वडा अध्यक्ष श्री राम वहादुर श्रेष्ठ

१५. वडा अध्यक्ष श्री धर्मराज भण्डारी

१६. वडा अध्यक्ष श्री सोम वहादुर गुरुङ

१७. वडा अध्यक्ष श्री नमराज दुवाडी

१८. कार्यपालिका सदस्य श्री चिनामाया श्रेष्ठ

१९. कार्यपालिका सदस्य श्री राम्री नेपाली

२०. कार्यपालिका सदस्य श्री छनुमाया गुरुङ

२१. कार्यपालिका सदस्य श्री शान्ता थापा

२२. कार्यपालिका सदस्य श्री विशाल रोका

२३. कार्यपालिका सदस्य श्री लक्ष्मण रस्तेल

२४. कार्यपालिका सदस्य श्री मञ्जु थापामगर

२५. का.वा.अध्यक्ष श्री राजन अधिकारी वडा नं.७

अन्य आमन्त्रित उपस्थिति

सरोज तिवारी नि.धि

मितिः २०८२।११।२५ गते

**वैठकमा छलफलका विषयहरुः**

१. विभिन्न प्रतिवेदनका सम्वन्धमा।

२. योजना अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदनका सम्वन्धमा।

३. न्यायिक समितिको प्रगती समिक्षाका सम्वन्धमा।

४. नगर कार्यपालिकाको नियमित वैठक तथा समसामायिक विषयहरुमा छलफल तथा समिक्षा सम्वन्धमा।

५. विभिन्न समितिका निर्णयहरु उपर छलफल गर्ने सम्वन्धमा।

६. अन्य विविध विषयहरुका सम्वन्धमा।

स्थानीय सरकार

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको बैठक

मिति: २०८२।११।२५ गते

## निर्णयहरु:

१. <u>विभिन्न प्रतिवेदनका सम्वन्धमा:,</u>

नीलकण्ठ नगरपालिका अन्तर्गतका चालु आ.व.२०८२/०८३ को स्वीकृत नीति, योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको शिलसिलामा विभिन्न समिति, उप-समिति, शाखागत प्रगति प्रतिवेदन र यस अवधिमा पूर्वाधार विकास समिति, सामाजिक विकास समिति, संस्थागत विकास तथा सुशासन समिति, न्यायिक समिति, विधायन समिति, आर्थिक विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, नगर शिक्षा समिति र लेखा समितिका संयोजकहरुले पेशगर्नु भएको समितिहरुवाट सम्पादित कामहरुको प्रगति प्रतिवेदन उपर छलफल गरियो।

२. <u>योजना अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदनका सम्वन्धमा:,</u>

आ.व २०८२/०८३ मा सञ्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मुल्यांकन समितिवाट अनुगमन मूल्याकन भै मिति २०८२ फाल्गुन १५ गते सम्म कार्यपालिका समक्ष पेश भएको प्रतिवेदन उपर छलफल भै योजना अनुगमन तथा मुल्याङ्कन समितिले फरफारक गरेको योजनाहरु र सो वमोजिम भएको सम्पूर्ण भुक्तानी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

३. <u>न्यायिक समितिको प्रगती समिक्षाका सम्वन्धमा.:</u>

न्यायिक समितिका संयोजक एवम् उपप्रमुख श्री दिपक विश्वकर्माज्यूवाट प्रस्तुत मिति २०८२ फाल्गुन १५ सम्मसम्म न्यायिक समितिद्धारा सम्पादित कार्यको प्रतिवेदन उपर छलफल भै उक्त प्रतिवेदन स्वीकृत गरी अनुमोदनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

४. <u>नगर कार्यपालिकाको नियमित वैठक तथा समसामायिक विषयहरुमा छलफल तथा समिक्षा सम्वन्धमाः,</u>

यस नगरपालिकाको आ.व. २०८२/०८३ को फाल्गुन १५ सम्मको वजेट तथा कार्यक्रम लगायत नगर कार्यपालिकाको कार्यालय एवम् मातहतका सम्पूर्ण शाखागत कार्यालयहरुमा दैनिक प्रशासन सञ्चालनका सन्दर्भमा भएका सम्पूर्ण कामकाज तथा कार्यसम्पादनका सम्वन्धमा भएका सम्पूर्ण निर्णयहरु उपर छलफल तथा समिक्षा गरियो। साथै नगर कार्यपालिकाको कार्यालय एवम् सम्पूर्ण मातहतका कार्यालयहरुवाट कार्यसम्पादन गर्दा सेवाग्राही तथा आम नागरिकहरुलाई केन्द्रमा राखी छिटो र सहज किसिमले पारदर्शीता कायम गरी सेवा उपलब्ध गराउन देहाय वमोजिम हुने गरी व्यवस्था मिलाउनेसमेत निर्णय गरियो।

<u>यस नगरपालिकाबाट हुने सेवा प्रवाहलाई सरल सहज र प्रभावकारी बनाउन देहाय बमोजिमका कार्य गर्नेः</u>

(क) नीलकण्ठ नगरपालिकाको नगर कार्यपालिका कार्यालय तथा मातहतका कार्यालयबाट प्रवाह हुने सेवा लाई थप चुस्त, छरितो र पारदर्शीता कायम गरी सेवाप्रवाहलाई प्रभावकारी बनाउने।

(ख) सेवा प्रवाहलाई सेवाग्राही मैत्री बनाउन र सेवा प्रवाहको नियमित अनुगमन निरीक्षणको लागि संस्थागत विकास तथा सुशासन समितलाई थप सक्रिय हुन निर्देशन दिने।

(ग) नियमितरुपमा घुम्ति शिविरहरु आयोजना गर्ने।

(घ) सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सहज गराउने भत्ता उपलब्ध गराउने बैंकलाई आवश्यकतानुसार वडामा पुगी वितरण गर्ने प्रवन्ध मिलाउने।

(ङ) अनलाईन माध्यमबाट सेवा प्रवाह गर्न आवश्यक अध्ययन गरी सम्भव हुने सेवाहरु अनलाईनबाटै दिने व्यवस्था मिलाउने।

५. <u>विभिन्न समितिका निर्णयहरु उपर छलफल गर्ने सम्वन्धमाः,</u>

नीलकण्ठ नगरपालिका अन्तर्गतका विभिन्न विषयगत समितिहरुको विभिन्न मिति र समयमा वैठक वसी नगरपालिकाको दैनिक प्रशासनीक कार्यासम्पादनका लागि आवश्यक रहेका विषयहरुका सम्वन्धमा वैठक वसी निर्णय पश्चात योजना तथा कार्यक्रमहरु कार्यान्वयन भएकोमा तत् तत् समितिहरुवाट भएका मिति २०८२ फाल्गु १५ गतेसम्मका सम्पूर्ण निर्णयहरु उपर छलफल गरी अनुमोदन गर्ने निर्णय गरियो।